# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०१।२७ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन, वुटवल, रुपन्देहीबाट आ.व. २०७४/०७५ मा ठेकेदार र उपभोक्ता समितिमार्फत नवलपरासी जिल्लाको देवचुली र दुम्किवासमा ट्युववेलको काम भएकोमा हालसम्म MS fitting, Outlet को निर्माण नै नभएता पनि कार्यालयले भुक्तानी गरिसकेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा उक्त कार्यमा झुट्टा बिल भरपाई बनाई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी समेत गरेको कसुर पुष्टि हुन आएको हुँदा देहायका व्यक्तिहरुउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र गरिएको छ।

**देहायः-**

**(क) भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बुटवलका तत्कालीन कार्यालय प्रमुख इच्छा कुमार श्रेष्ठले** भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, बुटवल रुपन्देहीबाट आ.व. २०७४/०७५ मा पम्पहाउस, स्टोरेज टंकी र वितरण प्रणाली निर्माण कार्यको ठेक्कामा ठेक्का नं. 16/074-75/Nawalparasi को ठेक्का सम्झौता अनुसारको कार्यमा र ठेक्का नं. 18/074-75/Nawalparasi को ठेक्का सम्झौता अनुसारको कार्यमा फिल्डमा गरेको वास्तविक कामभन्दा नापी किताबमा नभए नगरेको कामलाई भए गरेको भनी बढी काम गरेको देखाई झुट्टा विल बनाई रु.९,३२,५४८।७३ प्रथम रनिङ्ग बिलको भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) ले परिभाषित गरेको कसुर गरेको पुष्टि हुन आएकोले निज इच्छा कुमार श्रेष्ठलाई बिगो रु.९,३२,५४८।७३ (नौ लाख बत्तीस हजार पाँच सय अठ्चालीस रुपैयाँ पैसा त्रिहत्तर) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको सजाय र उक्त बिगो असुलउपर हुन साथै निज इच्छा कुमार श्रेष्ठले ठेक्काको म्याद थप तथा बीचैमा काम छोड्ने ठेकेदारलाई नियमानुसारको कारवाही नगरी भुक्तानीसमेत दिई जमानतको म्याद समाप्त भई फुकुवासमेत हुने गरी भए गरेको कामबाट हानिनोक्सानी भएको रकम, ठेक्का व्यवस्थापनमा बदनियतसाथ लापरवाही गरी ठेक्काको उद्देश्य पूरा नहुने गरी बीचैमा कामलाई अलपत्र परी, भए/गरेको लगानीको प्रतिफल शुन्य हुने गरी भए गरेको कामबाट रु.५३,७५,२००।३२ हानिनोक्सानी भएकोले निज इच्छा कुमार श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको लापरबाही साथ वदनियत राखी आफूसमेतलाई फाइदा र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.५३,७५,२००।३२ (त्रिपन्न लाख पचहत्तर हजार दुई सय रुपैयाँ पैसा बत्तीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएवमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) (ज) बमोजिमको कैद र जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो रकम असुल उपर हुन।

**(ख) भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बुटवलका तत्कालीन इन्जिनियर संतोष कुमार दासले** उक्त निर्माण कार्यमा नापजाँच गरी तयार गरेको कागजात स्वीकृतिका लागि पेश गरी ठेकेदारले फिल्डमा गरेको वास्तविक कामभन्दा नापी किताबमा नभए नगरेको कामलाई भए गरेको हो भनी बढी काम

गरेको देखाई झुट्टा विल बनाई स्वीकृतिको लागि पेश गरी प्रथम रनिङ्ग बिलको भुक्तानीसमेत गराई हानिनोक्सानी पुऱ्याएको दुवै ठेक्काको रु.९,३२,५४८।७३ हानिनोक्सानी हुने गरी निज संतोष कुमार दासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) ले परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.९,३२,५४८।७३ (नौ लाख बत्तीस हजार पाँच सय अठ्चालीस रुपैयाँ पैसा त्रिहत्तर) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको सजाय हुन र उक्त बिगो असुल उपर हुन।

यसैगरी निजले ठेक्काको म्याद थप तथा बीचैमा काम छोड्ने ठेकेदारलाई नियमानुसारको कारवाही नगरी भुक्तानीसमेत दिई जमानतको म्याद समाप्त भई फुकुवासमेत हुने गरी भए गरेको कामबाट हानिनोक्सानी भएको रकम, ठेक्का व्यवस्थापनमा बदनियतसाथ लापरवाही गरी ठेक्काको उद्देश्य पूरा नहुने गरी बीचैमा कामलाई अलपत्र परी, भए/गरेको लगानीको प्रतिफल शुन्य हुने गरी भए गरेको कामबाट रु.५३,७५,२००।३२ हानिनोक्सानी भएकोले निज संतोष कुमार दासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको लापरबाही साथ वदनियत राखी आफूसमेतलाई फाइदा र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.५३,७५,२००।३२ (त्रिपन्न लाख पचहत्तर हजार दुई सय रुपैयाँ पैसा बत्तीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएवमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) (ज) बमोजिमको कैद र जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो रकम असुल उपर हुन।

**(ग) भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बुटवलका तत्कालीन लेखापाल नेत्र प्रसाद मरासिनीले** भूमिगत जलश्रोत तथा सिँचाई विकास डिभिजन, वुटवल रुपन्देहीबाट आ.व. २०७४/०७५ मा पम्पहाउस, स्टोरेज टंकी र वितरण प्रणाली निर्माण कार्यको ठेक्कामा ठेक्का नं. 16/074-75/Nawalparasi र ठेक्का नं. 18/074-75/Nawalparasi को ठेक्का सम्झौता अनुसारको कार्यमा ठेकेदारले नियमानुसार दिनुपर्ने म्याद थपको निवेदनसमेत नदिएको अवस्थामा म्याद थप प्रक्रिया सुरु नगरी तयार भई पेश भएका नापी किताव र ठेक्कासम्बन्धी बिल, ठेक्काको म्याद समाप्त भई सकेपछि जारी भएको कर बिजक देखिंदादेखिँदै नियमानुसारको समयमा ठेक्काको म्याद थपको प्रक्रियातर्फ कुनै सक्रियता नदेखाई म्याद समाप्त भएका ठेक्काको रनिङ्ग विल भुक्तानी गरेको, म्याद समाप्त हुनु अगाबै कानुन तथा सम्झौता अनुसार भुक्तानी दावी गर्नुपर्नेमा सो नगरी दुबै जमानतको म्याद समाप्त भई फुकुवा समेत हुने गरी भए गरेको कामबाट हानिनोक्सानी भएको रकम, प्रचलित कानुन अनुसार गर्नुपर्ने दायित्व पूरा नगरी ठेक्का सम्झौताको बैधता र अस्तित्व नै समाप्त हुने गरी भए गरेको कामबाट नेपाल सरकारलाई रु.५३,७५,२००।३२ हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज लेखापाल नेत्र प्रसाद मरासिनीलाई बिगो रु.५३,७५,२००।३२ (त्रिपन्न लाख पचहत्तर हजार दुई सय रुपैयाँ पैसा बत्तीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएवमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) (ज) बमोजिमको कैद र जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो निजबाट असुल उपर हुन।

**(घ) भोलेबाबा कन्स्ट्रक्सन र सो का प्रोप्राइटर, ठेकेदार सुक बहादुर गुरुङ्गले** निर्माण कार्यको ठेक्कामा प्रथम रनिङ्ग बिल भुक्तानी लिँदा नभए नगरेको काम भएगरेको भनी बढी मूल्याङ्कन गर्न लगाई नभए नगरेको कामको बढी भुक्तानी लिई नियमानुसारको म्याद थपको लागि निवेदन नै नगरी म्याद थपतर्फ कुनै प्रक्रिया नै

नचाली प्रथम रनिङ्ग बिल भुक्तानीको माग गरेको, दुवै ठेक्काको फिल्डमा भए गरेको वास्तविक कामभन्दा नापी कितावमा बढी काम गरेको देखाउन लगाई झुट्टा विल बनाई/बनाउन लगाई भुक्तानी लिई आफूसमेतलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले सम्झौता, ठेक्काको शर्त पालना नगरी स्वीकृतिको लागि पेश गरी भुक्तानीसमेत गराई हानिनोक्सानी पुऱ्याउनुका साथै नियमानुसारको समयमा ठेक्काको म्याद थपको प्रक्रिया नचाली/नचलाई प्रचलित कानुनले तोकेको सम्झौता अनुसारको दायित्व पूरा गर्नेतर्फ अन्देखा गरी आफ्नो दायित्व पूरा नगरी/नगराई म्याद समाप्त भएका ठेक्काको रनिङ्ग विलसमेत भुक्तानी गराएको, कार्यालयलाई पूर्व जानकारी नदिई सम्झौताविपरीत हुने गरी काम छोडी प्रचलित कानुन अनुसार गर्नुपर्ने दायित्व पूरा नगरी ठेक्का सम्झौताको बैधता र अस्तित्व नै समाप्त हुने गरी ठेक्काको सम्झौता अनुसारको शर्त तथा दायित्व पूरा नगरी बीचैमा कामलाई अलपत्र पारी, भए/गरेको लगानीको प्रतिफल शुन्य हुने गरी भए गरेको कामबाट रु.६३,०७,७४९।०५ आफूसमेतलाई फाइदा र सरकारलाई हानिनोक्सानी हुने गरी निज सुक बहादुर गुरुङ्गले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) ले परिभाषित गरेबमोजिमको सम्झौता, ठेक्काको शर्त पालना गर्नुपर्नेमा सो नगरी कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.६३,०७,७४९।०५ (त्रिसठ्ठी लाख सात हजार सात सय उनन्पचास रुपैयाँ पैसा शुन्य पाँच) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको सजाय गरी बिगोसमेत जफत हुन साथै भोलेबाबा कन्स्ट्रक्सनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगोसमेत जफत हुन।

**(ङ) भोलेबाबा कन्स्ट्रक्सनको तर्फबाट अख्तियारी प्राप्त, अख्तियार वाला प्रकाश भट्टराईले** निर्माण कार्यको ठेक्कामा फिल्डमा गरेको वास्तविक कामभन्दा नापी कितावमा नभए नगरेको कामलाई बढी काम गरेको देखाउन झुट्टा विल बनाउन लगाई स्वीकृतिका लागि पेश गरी नभए नगरेको कामको बढी भुक्तानी लिनुका साथै कार्यालयलाई पूर्व जानकारी नदिई सम्झौताविपरीत हुने गरी बीचमा काम छोडी प्रचलित कानुन अनुसार गर्नुपर्ने दायित्व पूरा नगरी ठेक्का सम्झौताको बैधता र अस्तित्व नै समाप्त हुने गरी ठेक्काको सम्झौता अनुसारको शर्त तथा दायित्व पूरा गर्न लापरवाही गरी ठेक्काको उद्देश्य पूरा नहुने गरी बीचैमा कामलाई अलपत्र पारी, भए/गरेको लगानीको प्रतिफल शुन्य हुने गरी भए गरेको कामबाट नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको दुबै ठेक्काको सम्झौता रकम रु.६३,०७,७४९।०५ आफूसमेतलाई फाईदा र सरकारलाई हानिनोक्सानी हुने गरी निज प्रकाश भट्टराईले गरेको उक्त काम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) ले परिभाषित गरेबमोजिमको सम्झौता, ठेक्काको शर्त पालना गर्नुपर्नेमा सो नगरी कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.६३,०७,७४९।०५ (त्रिसठ्ठी लाख सात हजार सात सय उनान्पचास रुपैयाँ पैसा शुन्य पाँच) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ।

प्रवक्ता
भोला दाहाल